# दार्जीलिङ

उसले छामेको ठाउँमा
घाउ देख्दिनँ म
तर उसलाई दुखेको बोध
उसको आँखाले सुनाउँछ मलाई

– ती खसेका थोपा
धुलोमा
आवाजहीन
तर सुन्छु म।

– हेर्दा देख्छु
केही डाम जीवन भुइँमा।

●

घामले एकाबिहानै चाट्छ
उसको ठूलो निधार।
मैला लाग्दा पखाल्छ
वर्खाले।

उसको घाउमाथि भन्केका
नीला झीङ्गाहरू धपाउँछ।
एकेक ऋतुले।

यी खुशीहरू बीच पनि, तर
उसको घाउ
तिरङ्गा जस्तै फहरिन्छ।

कुइराहरू आएर स्वर्गबाट
उसका फुस्रा अनुहारका घाउहरू
कपासको सेता हातले पुछिदिन्छन्
आँखाको नूनपानीले सेक्छ
आफै उ।

●